मो: ९८५७८३६००६
Website: www.mandavimun.gov.np
E-mail { info@mandavimun.gov.np
mandavimun2073@gmail.com

# माण्डवी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

**जस्पुर, प्यूठान**
**लुम्बिनी प्रदेश, नेपाल**

प.स २०७९/०८०
च.नं.

मितिः २०७९/०६/२६

## राहत वितरणमा एकद्वार प्रणाली अबलम्बन गर्ने सम्बन्धी अत्यन्त जरुरी सूचना ।

माण्डवी गाउँपालिकामा मिति २०७९/०६/१८ गते राती देखि सुरु भएको अविरल वर्षापछि आएको बाढी पहिरोमा परी माण्डवी गाउँपालिका वडा नं. ४ फरुन्नेमा १ घर पुरिदा बेपत्ता भएका ६ जना मध्ये ३ जनाको शव भेटिएको र ३ जना अझै बेपत्ता व्यक्तिहरुको खोजी कार्य जारी रहेको छ । यस्तै माण्डवी गाउँपालिका वडा नम्बर १ मा अरङ्गखोला नदीले १ घर बगाएको छ ।माण्डवी गाउँपालिका वडा नं. २ धनचौरमा मिति २०७९/०६/२२ गते गएको पहिरोले ९ घर पुरिदा करोडौंको धनमालको क्षती भएको छ भने ५० भन्दा बढी घर पहिरोको उच्च जोखिममा रहेको छ । यस लगायत माण्डवी गाउँपालिकाको अन्य वडाका गाउँ बस्तिहरुमा पनि बाढी पहिरोले ठुलो मात्रामा क्षती पुर्याएको छ । बाढी पहिरो जस्ता विपदको कारण उत्पन्न प्रतिकुल अवस्थामा प्रभावित व्यक्तिहरुलाई दैनिक जीवनयापनको लागि माण्डवी गाउँपालिकाबाट राहत उपलब्ध गराउने कार्य शुरु भईसकेको छ । विपदमा परेका व्यक्तिहरुको दैनिक न्युनतम जीविकोपार्जनको लागि राहत उपलब्ध गराउनका लागि यस गाउँपालिकामा स्थानीय प्रकोप व्यवस्थापन कोष खडा गरिएको जानकारी गराउन चाहन्छौं ।

यस विपदको घडीमा मानवीय आवश्यकता पुरा गर्न स्थानीय सरकार प्रतिवद्ध छ । यस कार्यका लागि थप आर्थिक तथा बस्तुगत सहायता गर्न चाहने इच्छुक मनकारी व्यक्ति, संघसंस्था, सरकारी तथा गैह्रसरकारी निकाय, उद्योगी, व्यापारी एवं सरोकारवाला सबैलाई तपसिलको बैंक खातामा आर्थिक सहयोग तथा गाउँपालिकामा बस्तुगत सहायता प्रदान गर्न सक्ने व्यवस्था मिलाईएको छ । साथै यस गाउँपालिकामा बसोबास गर्ने पीडित परिवारको खाद्य संकट समाधानको लागि खाद्यान्न लगायत सामाग्रीहरुको सहयोग गर्न इच्छुक व्यक्ति, संघसंस्था, सरकारी तथा गैह्रसरकारी निकाय, उद्योगी, व्यापारी एवं सरोकारवालाहरुले उपलब्ध गराउने सम्पूर्ण राहत वितरणमा दोहोरोपना हुन नदिने गरी माण्डवी गाउँपालिकामा जम्मा गरी/गराई एकद्वार प्रणाली मार्फत मात्र राहत वितरण गरिने व्यहोरा सरोकारवाला सबैमा जानकारीको लागि अनुरोध छ ।

तपसिल
बैंकको नामः सिभिल बैंक लिमिटेड
शाखाः माण्डवी शाखा, जस्पुर, प्यूठान
खाताको नामः ग ७ २ स्थानीय तह प्रकोप व्यवस्थापन कोष खाता (MANDABI GA 7-2 PRAKOP BEBASTH.KOS)
खाता नम्बरः ०६७१०१९३०४९०६७

............
प्रकाश पाण्डे
प्रमुख प्रशासकीय अधिकृत